# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

प्रधान कार्यालयः
भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

## जुट बोरा खरिद सम्बन्धी गोप्य शिलवन्दी बोलपत्र आव्हानको सूचना

**प्रकाशित मिति : २०७७/०६/२८**

यस कम्पनीको विभिन्न कार्यालयहरुका लागी जुटको बोरा खरीद गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका इच्छुक फर्म, संस्था वा कम्पनीबाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही रीतपूर्वकको गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। कम्पनीले खरिद गर्ने बोराको किसिम, तौल, आकार, क्षमता, बुझाउनु पर्ने स्थान, परिमाण, धरौटी रकम, बोलपत्र दस्तुर, बोलपत्र खरिद गर्ने र खोल्ने मिति तपसिल बमोजिम रहेको छ। विद्युतीय माध्यम www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले निर्धारित समय भित्र बोलपत्र कागजातहरु (Hardcopy) खरिद गरी वा बोलपत्र कागजात Download गरी, निर्देशन कागजातमा उल्लेख भए अनुसारका कागजात संलग्न गरी बोलपत्र पेश गर्नु पर्ने छ। विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले कार्यालयको खातामा बोलपत्रको दस्तुर जम्मा गरी सो को भौचर Scanning गरी विद्युतीय बोलपत्र साथ पेश गर्नुपर्ने छ। यसरी बोलपत्र पेश गर्ने बोलपत्रदाताले बोलपत्र खोल्ने मिति देखि ७ दिन भित्र सक्कलै हार्डकपि कागजात खरिद एकाई, प्रधान कार्यालय, काठमाडौंमा बुझाउनु पर्ने छ। यस सूचनामा उल्लेख नभएका अन्य विषयको सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुने छ।

**तपसिल**

बोलपत्र दस्तुर रु. ५०००/-

| क्र.सं. | जुटको बोरा बुझाउने कार्यालय | १०० के.जी. क्षमताको बोरा परिमाण थानमा | ५० के.जी. क्षमताको बोरा परिमाण थानमा | धरौटी रु. | बोलपत्र खरिद गर्न सकिने कार्यालय र मिति | बोलपत्र दर्ता गर्ने तथा खोल्ने कार्यालय र मिति |
|---|---|---|---|---|---|---|
| १ | मुख्य शाखा कार्यालय विर्तामोड | १०००० | १०००० | ७,९४,०००/- | २०७७/०७/२७ गते सम्म सम्बन्धित कार्यालय र खरिद एकाई प्र.का. काठमाडौं | २०७७/०७/२८ गते १२:०० बजे भित्र खरिद एकाई प्र.का. काठमाडौं मा दर्ता गरिसक्ने र सोही दिन २:०० बजे प्र.का. काठमाडौंमा खोलिने छ। |
| २ | प्रादेशिक कार्यालय विराटनगर | ८००० | ८००० | | | |
| ३ | मुख्य शाखा कार्यालय लहान | १०००० | २०००० | | | |
| ४ | प्रादेशिक कार्यालय जनकपुर | - | १०००० | | | |
| ५ | शाखा कार्यालय वीरगंज | ४००० | ३०००० | | | |
| ६ | प्रादेशिक कार्यालय भैरहवा | १०००० | - | | | |
| ७ | मुख्य शाखा कार्यालय तुलसीपुर | २००० | - | | | |
| ८ | मुख्य शाखा कार्यालय नेपालगंज | २८००० | १०००० | | | |
| ९ | मुख्य शाखा कार्यालय राजापुर | २०००० | १०००० | | | |
| १० | प्रादेशिक कार्यालय धनगढी | ३०००० | १०००० | | | |
| ११ | शाखा कार्यालय महेन्द्रनगर | ४००० | - | | | |
| | **जम्मा** | **१२६०००** | **१०८०००** | | | |

**जुटको बोराको किसिम र विवरण देहाय बमोजिम हुने छ :**

क. ४५"(+१") लम्बाई, २७.५"(+१") चौडाई र ८५० ग्राम (+१० ग्राम) तौल भएको, १०० के.जी. क्षमताको, जुटको तिन धर्के बिट विल नयाँ बोरा।

ख. ३७"(+१") लम्बाई, २३.५"(+०.५") चौडाई, आकारको ६१० ग्राम (+१० ग्राम) तौल भएको, ५० के.जी. क्षमताको, जुटको तिन धर्के बिटविल नयाँ बोरा।

**नोटः**

१. कम्पनीको प्रधान कार्यालय खरिद एकाई काठमाडौं र बोरा बुझाउन तोकिएका कार्यालयहरुबाट फिर्ता नहुने गरी रु.५०००/- दाखिला गरी बोलपत्र फाराम र सो सम्बन्धी कागजात सेट खरीद गर्न सकिनेछ।

२. बोलपत्रदाताले बोलपत्रसाथ तोकिए बमोजिमको धरौटी रकम यस कम्पनीको नेपाल बैंक लिमिटेड, धर्मपथ, काठमाडौंको चल्ती खाता नं. ००२००१००५०२४२४००००१ मा जम्मा गरेको सक्कलै भौचर वा "क" बर्गको वाणिज्य बैंकबाट **खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको** नाममा जारी भएको नियमानुसारको ३ महिना अवधिको बैंक जमानीपत्र पेश गर्नु पर्नेछ।

३. जुटको बोरामा नियमानुसार लाग्ने कर, ढुवानी भाडा, लोड अनलोड आदि खर्च समावेश गरी मूल्य कबोल गर्नु पर्ने छ। बोलपत्रको खाम बाहिर **"बोरा खरिद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** भन्ने उल्लेख गरी तोकिएका सबै कागजात बोलपत्रसाथ संलग्न राखी खाम शिलबन्दी गरी पेश गर्नु पर्नेछ।

४. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लेखित समयमा उक्त कार्य हुनेछ।

५. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको १५ दिन भित्र नियमानुसारको बैंक कार्य सम्पादन जमानत पेश गरी बोरा खरीद/बिक्री सम्झौता गर्नु पर्ने छ।

६. जुट बोराको बोलपत्र मुल्यांकन गरी न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र तथा बोलपत्रदाताको सक्षमता, बोराको मौज्दात र ढुवानी लागतको समेत विचार गरी स्वीकृतीको लागि छनौट गरिने छ। एउटा बोलपत्रदाताले सबै कार्यालयमा तोकिएको परिमाण बोरा बुझाउने गरी वा उल्लेखीत मध्ये कुनै एक कार्यालयमा सम्पूर्ण परिमाण बोरा बुझाउने गरी वा दुवै प्रकृयाबाट बोलपत्र पेश गर्न सक्ने छन्। बोराको परिमाण थपघट हुन सक्नेछ।

७. बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि ९० दिनको हुनेछ। बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ। यस सम्वन्धीत अन्य कुरा बुझ्न परेमा कम्पनीका कार्यालयहरुमा सम्पर्क राख्न सकिने छ।

८. बोलपत्र सम्वन्धी शर्तहरु यो सूचना र बोलपत्र कागजातमा उल्लेखित भए जति सोही बमोजिम र अन्य सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुने छन्।

**खरिद एकाई, प्रधान कार्यालय, काठमाडौं, फोन नं.: ०१४२५५८६५, website: www.fmtc.org.np**